बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# स्थानीय तहको साझेदारीमा माध्यामिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्वन्धी कार्यविधि, २०८२

बाग[illegible]रकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# स्थानीय तहको साझेदारीमा माध्यमिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** सामुदायिक विद्यालयमा स्थानीय तहको साझेदारीमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान मार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्न शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गरि विद्यार्थीहरुलाई आधुनिक प्रविधिसँग परिचित गराउने उद्देश्यले सामुदायिक विद्यालयमा शिक्षण सिकाइ सहयोग अनुदान वितरण गर्न गुणस्तरीय शिक्षा उपलव्ध गराउन सहयोग पुर्याउन वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) बमोजिम सामाजिक विकास मन्त्रालयले "स्थानीय तहको साझेदारीमा माध्यामिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्बन्धी कार्यविधि, २०८२" बनाएको हो ।

## परिछेच्द एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"स्थानीय तहको साझेदारीमा माध्यमिक विद्यालयमा सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(घ) "सामुदायिक माध्यमिक विद्यालय" भन्नाले कक्षा १ देखि १२ सम्म सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

(च) "शिक्षक दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा रहेका स्थायी, अस्थायी र राहत दरवन्दीलाई सम्झनु पर्छ ।

## परिछेच्द दुई

## उद्देश्य ,विद्यालय छनोटको आधार र प्रकृया

३. **उद्देश्यः** (१) सूचना प्रविधि शिक्षक सहयोग अनुदान कार्यक्रमको उद्धेश्य देहायअनुसार रहेकाछनः

क) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु

ख) सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई आधुनिक प्रविधिसँग परिचित गराउनु ।

ग) सामुदायिक विद्यालयमा स्थानीय तहको सहकार्यमा सूचना प्रविधि शिक्षक सहयोग अनुदानका लागि मापदण्ड तय गर्नु ।

मा. कन्चन चन्द्र वादे

मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

**४. विद्यालय छनोटका शर्तः (१)** विद्यालय छनोटका लागि देहाय बमोजिमका शर्तहरु हुनेछन्:

क. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्नेछ ।
ख. विद्यालयले स्थानीय तहबाट तहगत रूपमा दरबन्दीको विवरण प्रमाणित गराइ पेस गर्नु पर्नेछ।
ग. विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्ने छ ।
घ. माध्यमिक तह (कक्षा ९-१२) मा औसतमा प्रतिकक्षा १५ जना विद्यार्थी भर्ना भएको हुनुपर्नेछ।
ङ. सामुदायिक वा सामुदायिक प्रकृतिको धार्मिक/परम्परागत माध्यमिक विद्यालय हुनुपर्नेछ।
च. कक्षा १२ को परीक्षामा सहभागीता भइसकेको हुनुपर्नेछ।
छ. विद्यालयमा सूचना प्रविधि शिक्षण सिकाइका लागि शिक्षक नियुक्ति गर्नु पर्नेछ ।
ज. विद्यालयमा सूचना प्रविधि ल्याव हुनुपर्नेछ।
झ. गाउँपालिका भित्रको माध्यमिक विद्यालय हुनुपर्नेछ। **गाँउपालिकाको साझेदारी अनिवार्य हुनु पर्नेछ** ।
ञ. प्रदेश सरकारबाट शिक्षण सिकाइ अनुदान प्राप्त गरेका विद्यालयले आवेदन दिन पाइने छैन् ।

**५. विद्यालय छनोट प्रक्रियाः**(१) निर्देशनालयले माथि उल्लिखित बमोजिमका आधार पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई सूचना प्रविधि शिक्षक सहयोग अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अबलम्बन गर्नुपर्ने छः

क) दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने र निर्देशनालयको वेवसाइटमा प्रकाशित गर्ने ।
ख) निर्देशनालयलाई प्राप्त बजेटको सीमाभित्र रही दफा ५ उपदफा (१) को (क) बमोजिम प्राप्त प्रस्तावनाहरूको अध्ययन तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये दफा ८ बमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गर्दा योग्यताक्रमका आधारमा निर्धारित कोटा सख्या बमोजिम छनोट गर्ने । यदि अङ्क बराबर भएमा माध्यमिक तहमा वढी विद्यार्थी भएको विद्यालय छनोट गर्ने ।

**६. <u>निर्देशक समिति सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| क. सचिव, सामाजिक विकास मन्त्रालय | – संयोजक |
| ख. निर्देशनालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख | सदस्य |
| ग. निर्देशनालय रहेको स्थानीय तहको शिक्षा प्रमुख | सदस्य |
| घ. निर्देशक समितिले मननोनय गरेको सूचना प्रविधि विज्ञ | सदस्य |
| ङ. महानिर्देशक, शिक्षा विकास निर्देशनालय | – सदस्य-सचिव |

(२) निर्देशक समितिको वैठकमा अन्य विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

मा. कन्चन चन्द्र बादे
मन्त्री

क) सूचना प्रविधि शिक्षक सहयोग अनुदानका लागि आवश्यक बजेट, कार्यक्रम तथा योजना तर्जुमा गर्ने, गराउने

ख) विद्यालय छनोट समितलाई विद्यालय छनोट र कार्यक्रम कार्यान्वयनमा आवश्यक निर्देशन दिने,

ग) विद्यालय छनोटका सम्बन्धमा आवश्कयतानुसार थप आधार तयार गर्न परेमा सहजीकरण गर्ने,

घ) सुचना प्रविधि शिक्षक सहयोग अनुदानका लागि सम्बन्धित स्थानीय तहहरुसँग सहकार्यका लागि समन्वय गर्ने।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

## परिच्छेद ३

## विद्यालय छनोट र सूचना प्रविधि शिक्षक सहयोग अनुदान नियुक्ति र सेवा सर्त

**७. विद्यालय छनोट समितिः (१)** विद्यालयबाट प्राप्त प्रस्तावको मुल्याङ्कन गरी सूचना प्रविधि शिक्षण सिकाइ अनुदानको लागि सिफारिस गर्न देहाय अनुसारको छनोट समिति रहनेछ :

क) निर्देशनालयका महानिर्देशक - संयोजक

ख) मन्त्रालयको विद्यालय शिक्षा हेर्ने महाशाखा प्रमुख - सदस्य

ग) योजना तथा कार्यक्रम शाखाको निर्देशक, निर्देशनालय- सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख, निर्देशनालय - सदस्य

ङ) योजना हेर्ने अधिकृत, निर्देशनालय – सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा दुई जनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**८. छनोटका मापदण्डहरू:** (१) विद्यालयमा सूचना प्रविधि शिक्षण सिकाइ सहयोग अनुदानका लागि प्रस्ताव पेस गर्ने विद्यालयहरू छनोट गर्दा तपसिलका मापदण्डका आधारमा गरिने छ,-

**क.आधारभूत तहमा प्राप्त दरबन्दी – १० अङ्क**

१) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-८) मा न्यूनतम (प्रा.वि. ५+ नि.मा.वि. दरवन्दी १) वा सोभन्दा बढी दरबन्दी भए– ८ अङ्क

२) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-५) न्यूनतम ५ वा सोभन्दा बढी दरबन्दी भए र नि मा वि (६-८) मा १ पनि दरवन्दी नभएमा – ९ अङ्क

३) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-५) न्यूनतम ५ भन्दा कम दरबन्दी भएमा र नि मा वि मा १ पनि दरवन्दी नभएमा – १० अङ्क

**ख.** माध्यमिक तहमा प्राप्त दरबन्दी – १५ अङ्क

१) माध्यमिक तह (११-१२) मा ० दरवन्दी भए / दरवन्दी नभए १५ अङ्क

मा. कान्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

२) माध्यमिक तह (९-१०) मा एक देखि दुइ दरवन्दी सम्म भए १२ अङ्क

३) माध्यमिक तह (९-१०) मा ३ देखि ४ सम्म दरवन्दी भए १० अङ्क

ग. विद्यार्थी सङ्ख्या – १० अङ्क

१) कक्षा ९-१२ मा ८१ जना वा सो भन्दा माथि विद्यार्थी भए – १० अङ्क

२) कक्षा ९-१२ मा ६१ देखि ८० जना सम्म भएमा विद्यार्थी भए – ९ अङ्क

३ कक्षा ९-१२ मा ६० जना भए –८ अङ्क

घ. स्थानीय तहको साझेदारी– २० अङ्क

१) गाउँपालिकाको साझेदारी ५० प्रतिशत भन्दा माथि भएमा – २० अङ्क

२) गाउँपालिकाको साझेदारी ४० प्रतिशत भन्दा माथि ५० भन्दा कम भएमा – १८ अङ्क

३) गाउँपालिकाको साझेदारी २५ प्रतिशत भन्दा माथि ४० भन्दा कम भएमा – १५ अङ्क

(ङ) उपरोक्त मापदण्ड बमोजिम विद्यालय छनोट गर्दा विनयोजन बजेट बमोजिम छनोट गर्दा अन्तिम विद्यालयहरु बराबर भएमा विद्यार्थीसङ्ख्या बढी भएको विद्यालय छनोट गर्नुपर्नेछ ।

**९. सूचना प्रविधि शिक्षक सहयोग अनुदान सम्बन्धी व्यवस्थाः** (१) विद्यालयले उपलब्ध सूचना प्रविधि शिक्षक सहयोग अनुदानमा शिक्षण सेवा लिदा देहाय अनुसार गर्नु पर्नेछः

क) प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा विद्यालयले माध्यमिक तह (कक्षा ९-१२) शिक्षक व्यवस्थापनका लागि सूचना प्रविधि शिक्षक सहयोग अनुदानमा करार नियुक्ति गर्नुपर्नेछ।

ख) करार अवधि २०८३ असार मसान्तसम्मका लागि हुनेछ।

ग) विद्यालयले आफ्नै स्रोतबाट शिक्षा ऐन, नियमावलीको प्रक्रिया पुरा गरी दफा ९ को उपदफा १ को (क) अनुसारको विषयको शिक्षक नियुक्ति गरी नियमित रुपमा पठनपाठन गरिरहेको शिक्षकको हकमा विद्यालयको स्रोत अभावले तलब भुक्तानी दिन कठिनाइ भएमा निजको शिक्षण कार्य सम्पादनको आधारमा अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय गराई भुक्तानी गर्न सकिने छ।

घ) शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्ने छ। यस पुर्व विद्यालयको आन्तरिक /अन्य स्रोतबाट सूचना प्रविधि/कम्प्यूटर विषयमा अध्यापनरत शिक्षक कार्यरत रहेको भएमा त्यस्तो शिक्षकको तलवभत्ता निर्देशनालयसँग भएको सम्झौता पश्चात विद्यालय व्यवस्थापन समितिको बैठक बसी निरन्तरता दिने भनी निर्णय भएको मिति देखि लागू हुने गरी निकासा गरिनेछ।

ङ) नियुक्त भएका शिक्षकको अभिलेख व्यवस्थापनका लागि विद्यालयले निर्देशनालय र सम्बन्धित स्थानीय तहमा विवरण पठाउनुपर्ने छ ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

च) विद्यालयले यस अनुदान रकमबाट तलब पाउने गरी नियुक्ति गरिएको शिक्षकको हकमा शिक्षा ऐन, नियमावली अनुसार नियुक्ति भएको भनी स्थानीय तहको सिफारिस पत्र र शिक्षकलाई तलब भुक्तानी गरेको तलबी भरपाई स्थानीय तहबाट प्रमाणित गराई प्रत्येक महिनाको पहिलो हप्ताभित्र निर्देशनालयमा पेस गर्नुपर्नेछ।

छ) शिक्षण सिकाइ अनुदानका लागि छनोट भएको शिक्षकलाई हाजिर भएको मितिदेखि लागू हुने गरी माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकले पाउने सुरू तलब स्केल बराबर हुने गरी पारिश्रमिक उपलब्ध गराउनुपर्ने छ ।

**१०. शिक्षकको सेवा सर्त सुविधाः** (१) यस मापदण्ड अनुसार सूचना प्रविधि शिक्षक सहयोग अनुदानमा छनोट भएको माध्यमिक तृतिय श्रेणीको शिक्षकको सुरू तलब स्केल बराबरको रकम मासिक पारिश्रमिक हुनेछ। विद्यालयले स्थानीय तहको साझेदारीबाट प्राप्त अनुदान र प्रदेश सरकारको अनुदानबाट यकिन गरी सूचना प्रविधि शिक्षण सिकाइका लागि शिक्षकको व्यवस्था गर्नु पर्नेछ।

(२) छनोट भएका विद्यालयले सूचना प्रविधि शिक्षक नियुक्ति भएपछि निर्देशनालयले सहयोग अनुदान रकम विद्यालयको खातामा निकाशा गर्ने छ। सूचना प्रविधि शिक्षक सहयोग अनुदानबाट नियुक्त शिक्षकको लागि आवश्यक पर्ने थप पारिश्रमिक रकम स्थानीय तहको साझेदारीबाट विद्यालयबाट व्यवस्थापन गर्नुपर्ने छ।

**११. करार सम्झौता रद्द हुनेः** (१) देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्ने छः

क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी विद्यालमा अनुपस्थित भएमा

ख) करार सम्झौतामा उल्लेख भएका सर्तहरू पालना नगरेमा

ग) शिक्षक आचारसंहिताको पालना नगरेमा

घ) विद्यालयले तोकेको अन्य कार्य सन्तोषजनक रूपमा नगरेमा ।

(२) उप दफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानुन बमोजिमको प्रकृया पुरा नगरी सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद ४

## विविध

**१२. विवरण पठाउनु पर्नेः** निर्देशनालयले सूचना प्रविधि शिक्षक सहयोग अनुदान कार्यक्रमका लागि छनोट गरिएको सामुदायिक विद्यालयको विवरण मन्त्रालयमा पठाउनु पर्ने छ।

**१३. नियुक्त भएको शिक्षकको भूमिकाः** विद्यालयमा उपलब्ध सूचना प्रविधि प्रयोगशाला र स्मार्टबोर्डको प्रयोग गरी विद्यालयको निर्देशन बमोजिम शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, डजिटील प्रविधि, भर्चुअल र सूचना प्रविधिको आधारभूत सीपसँग सम्वन्धित सिकाइमा जोड दिइ विद्यार्थीहरुलाई सूचना प्रविधिसँग परिचित बनाउन सहयोग गर्नुपर्नेछ।

मा. कन्चन चन्द्र बादे
मन्त्री

१४. **लेखा तथा लेखापरीक्षण:** विद्यालयहरूले सूचना प्रविधि शिक्षक सहयोग अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

१५. **सरकारी बाँकी सरह असुलउपर गरिने:** सुचना प्रविधि शिक्षक सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरूले तोकिएको शर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

१६. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१७. **कार्यविधि संशोधन तथा परिमार्जन:** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमध्ये आर्थिक दायित्व पर्ने वियमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय लिई र अन्य विषयमा मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ५ को उपदफा (१) खण्ड (क) सँग सम्बन्धित)

१ विद्यालयको संक्षिप्त विवरण

विद्यालयको नाम, ठेगाना: ईमेल ठेगाना मोवाइल न

सञ्चालित कक्षा:

माध्यमिक तह सञ्चालन गर्ने अनुमति प्राप्त मिति:

कक्षा ९

कक्षा ११

अनुमति दिने निकायको नाम

क) शिक्षक विवरण

| तह | स्वीकृत दरबन्दी | राहत दरबन्दी | शिक्षण सिकाइ अनुदान | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | | | | |
| आधारभूत तह (कक्षा ६-८) | | | | |
| माध्यमिक तह (कक्षा ९-१०) | | | | |
| माध्यमिक तह (कक्षा ११-१२) | | | | |

ख) शिक्षकहरुको नामनामेसी विवरण (सवै प्रकारका शिक्षकहरु)

| क स | नाम | नियुक्तिको प्रकार | विषय | नियुक्ति मिति | तह र श्रेणी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरिएको सवै किसिमवाट नियुक्ति पत्र पाएका शिक्षकहरुको नियुक्ति पत्र वा करार पत्र

ग) स्थानीय तह, प्रदेश र सङ्घीय शिक्षक अनुदान पाएको छ छैन.........................................

पाएको भए कुन तह र कतिओटा पाएको छ ..........................................................................................

घ) निजी स्रोतबाट शिक्षक राखिएको छ छैन ...............................................

राखिएको भए कुन कुन तहमा, कति कति जना र कुन कुन विषयको राखिएको छ

..........................................................................................................................................

ङ) विद्यार्थी विवरण:

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ६ | | | |
| ७ | | | |
| ........... | | | |
| १२ | | | |
| कुल जम्मा | | | |

डा. कन्चन चन्द्र बादे
मन्त्री

च) सूचना प्रविधि ल्याव (कम्प्युटर र स्मार्टबोर्डको विवरण सहित)को विवरण

छ) इनटरनेटको व्यवस्था: भए/नभएको

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

तयार पार्ने प्र. अ.को

नाम

हस्ताक्षर

प्रमाणित गर्ने वि व्य स अध्यक्ष

नाम

हस्ताक्षर

विद्यालयको छाप

सिफारिस गर्ने

........................ पालिका

शिक्षा महाशाखा/ शाखा

नाम

पद

सही

स्थानीय तहको छाप

**संलग्न राख्नुपर्ने कागजातहरू**

१. माध्यमिक तह (कक्षा ६, ९ र ११) को कक्षागत सञ्चालनको अनुमति पत्र ।
२. स्थानीय तहबाट तहगत रूपमा दरबन्दी प्रमाणित गरेको पत्र ।
३. स्थानीय तहबाट शिक्षक अभिभावक सङ्घ र वि. व्य. स. गठन भएको र पदाधिकारीहरुको नामनामेसी प्रमाणित पत्र
४. विद्यालयको वर्तमान शिक्षकको दरबन्दी अवस्था खुलाएको विद्यालय व्यवस्थापन समितिको निर्णय
५. विद्यालयको आवश्यकताअनुसार माध्यमिक तहमा मुख्य विषयहरुमा दोहोरो नहुने गरी कुनै एक विषयको शिक्षक प्रचलित कानुन बमोजिम नियुक्ति गर्ने वि.व्य.स.को प्रतिबध्दता
६. परम्परागत वा धार्मिक विद्यालयको हकमा सामुदायिक प्रकृतिको रुपमा सञ्चालन भएको हो भन्ने व्यहोराको किटानी पत्र
७. कक्षा ६-१२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको विवरण
८. विद्यालयमा सूचना प्रविधि ल्यावको विवरण
९. स्थानीय तहबाट सूचना प्रविधि शिक्षक सहयोग अनुदानका लागि साझेदारी प्रतिबद्धता पत्र।

मा. कन्चन चन्द्र बादे
मन्त्री